# इटहरी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

प्रदेश नं. १, नेपाल

०२५- ५८४५५९

०२५- ५८००४६

मितिः २०७९।०३।१५ गते

प.सं.:-

च.नं.:

### इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०३।१७

इटहरी उपमहानगरपालिकाद्वारा आ.ब.०७९।०८० का लागि आर्थिक ऐन २०७८ को दफा २० अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र फारम यस कार्यालयबाट खरिद गरि शिलबन्दी बोलपत्र दर्ता गर्नु हुन वा सार्वजनिक खरिद अनुगमन कार्यालयको साइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र खरिद गर्न हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पूर्ण विवरण सहितको सूचना जिल्ला प्रशासन कार्यालय सुनसरी, जिल्ला समन्वय समितिको कार्यालय सुनसरी, कोष तथा लेखा नियन्त्रण कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय इटहरी, पूर्व क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय इटहरीको सूचना पार्टीमा टांस गरिएको छ । तोकिएको मिति र समयभित्र बोलपत्र फारम खरिद गरी कार्यालय समय भित्र शिलबन्दी बोलपत्र इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि www.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. मु.अ. कर सहित | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | ITR/NCB/104R/078/079 (राजस्व) | सवारी पार्किङ्ग तथा सरसफाई शुल्क बसपार्क वडा नं. ९ र बसस्टपहरु | एक वर्ष | ५६,५०,०००। | ३०००। | २०७९।०४।१४ गते कार्यालय समयभित्र | २०७९।०४।१५ गते दिउसो १२:०० वजे सम्म | २०७९।०४।१५ गते दिउसो २:०० वजे |
| २ | ITR/NCB/105R/078/079 (राजस्व) | कवाडी कर ठेक्का इटहरी उपमहानगरपालिका क्षेत्र | एक वर्ष | ८४,७५,०००। | ३०००। | २०७९।०४।१४ गते कार्यालय समयभित्र | २०७९।०४।१५ गते दिउसो १२:०० वजे सम्म | २०७९।०४।१५ गते दिउसो २:०० वजे |
| ३ | ITR/NCB/106R/078/079 (राजस्व) | साप्ताहिक आइतबारे, बुधबारे हाटकर वडा नं. ९ | एक वर्ष | ५०,७३,१९८। | ३०००। | २०७९।०४।१४ गते कार्यालय समयभित्र | २०७९।०४।१५ गते दिउसो १२:०० वजे सम्म | २०७९।०४।१५ गते दिउसो २:०० वजे |
| ४ | ITR/NCB/107R/078/079 (राजस्व) | साप्ताहिक शनिबारे हाटकर वडा नं. ११ र १२ | एक वर्ष | २०,९०,५००। | ३०००। | २०७९।०४।१४ गते कार्यालय समयभित्र | २०७९।०४।१५ गते दिउसो १२:०० वजे सम्म | २०७९।०४।१५ गते दिउसो २:०० वजे |

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१. बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) राजस्व प्रशासन शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ ।

२. शिलवन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. इबिड मार्फत पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र फारम दस्तूर बापतको रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड इटहरीको राजश्व खाता नं ०५९०३००००१००१००००१ मा रकम जम्मा गरेको भौचर संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ ।

५. छुट्टा छुट्टै विषयको बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।

६. रितपूर्वक दाखिला भएको शिलवन्दी बोलपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन ।

८. बोलपत्र खरिद गर्न र पेश गर्न मु.अ.करमा दर्ता भै आ.ब. २०७७/०७८ को कर चुक्ता भएको प्रमाणित प्रतिलिपि हुनुपर्ने, फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको नोटरी प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।

१०. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१२. नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको बखतमा ठेक्का सन्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ ।

१३. सवारी पार्किङ्ग तथा सरसफाई शुल्क बसपार्क वडा नं. ९ र बसस्टपहरु ठेक्कामा बसपार्क र इटहरी उपमहानगरपालिका क्षेत्रका बसस्टप र पार्किङ्ग स्थलमा मात्र शुल्क उठाउन पाइने छ साथै सिटी सफारी संग शुल्क लिन पाइने छैन।

१४. सवारी पार्किङ्ग तथा सरसफाई शुल्क, कवाडी करको दररेट, बहाल विटौरी शुल्कको दररेट आर्थिक ऐन २०७९ को अनुसुचीमा तोकिए बमोजिम हुनेछ ।

१५. विस्तृत जानकारीको लागि www.itaharimun.gov.np मा हेर्न सकिनेछ ।

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी

प्रमुख प्रशासकीय अधिकृत

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत